# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन

# Gandaki Agro-met Advisory Bulletin (GAAB)

**भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गण्डकी प्रदेशद्वारा नेपाल कृषि अनुसन्धान परिषद्, जल तथा मौसम विज्ञान विभाग र ली-बर्डसँगको प्राविधिक सहकार्यमा जारी**



| | | |
|---|---|---|
| वर्ष-१, अङ्क- १० | अवधि: १-७ पुष, २०७९ | मिति: १ पुष, २०७९ |



## गत हप्ता (२३ देखि २९ मंसिर, २०७९) को मौसमी सारांश:

| |
|---|
| **साप्ताहिक कूल वर्षा:** साताका अधिकांश दिनहरु सफा नै रहेको। साताभरी प्रदेशका कुनै पनि स्थानमा वर्षा नभएको र तराईका भू-भागमा बिहानको समयमा हुस्सु/कुहिरो लागेको। |
| **साप्ताहिक तापक्रम:** मुस्ताङको लेते केन्द्रमा सबैभन्दा कम तापक्रम (-४.५ डिग्री सेल्सियस) मापन भएको। नवलपरासी (वर्दघाट-सुस्ता पूर्व) को दुम्कौलीमा अधिकतम तापक्रम (२९.८ डिग्री सेल्सियस) मापन भएको। |

## आगामी हप्ता (१-७ पुष, २०७९) को मौसमी परिदृश्य:

**मौसमी अवस्थाको सारांश:** हिमाली र पहाडी भू-भागमा साताभरी नै आंशिक बदली रही हिमाली भू-भागका एक दुई स्थानमा हल्का हिमपातको संभावना रहेको, पहाडी भू-भागका थोरै स्थानहरु र तराईका भू-भागका केही स्थानहरुमा बिहानको समयमा हुस्सु/कुहिरो लाग्ने संभावना रहेको। अधिकतम र न्यूनतम तापक्रममा गिरावट हुने संभावना रहेको।

| भौगोलिक क्षेत्र | प्रतिनिधित्व गर्ने क्षेत्र | वर्षा/ हिमपात | अधिकतम तापक्रम | न्यूनतम तापक्रम | बदली हुने सम्भावित अवस्था | महत्वपूर्ण मौसम (मेघगर्जन, असिना, कुहिरो) | कैफियत (मौसम प्रणाली) |
|---|---|---|---|---|---|---|---|
| हिमाल/ उच्चपहाड | मनाङ, मुस्ताङ, म्याग्दी (अन्नपूर्ण, धौलागिरी र रघुगंगा गा.पा. को उत्तरी भेग), लमजुङ (दुधपोखरी, दोर्दी, मर्स्याङ्दी, क्व्होलासोथार गा.पा.का उत्तरी भेग), गोरखा (बारपाक सुलिकोट, चुमनुब्री, धार्चे, अजिरकोट गा.पा.का उत्तरी भेग), बागलुङ (ढोरपाटन, निसीखोला, ताराखोला, तमानखोला गा.पा. का उत्तरी भेग) | हल्का हिमपात | हल्का घट्ने | हल्का घट्ने | साताभरी नै आंशिक बदली रहने। | हल्का हिमपात | साताको शुरु र मध्यमा एक दुई स्थानमा हल्का हिमपातको संभावना रहेको। |
| पहाड | गोरखा, लमजुङ, म्याग्दी, बागलुङ, पर्वत, कास्की, स्याङ्जा र तनहुँ | | हल्का घट्ने | हल्का घट्ने | साताको मध्यमा आंशिक बदली रहने। | | |
| तराई | नवलपरासी (बर्दघाट सुस्ता पूर्व), तनहुँ र स्याङ्जाको दक्षिणी क्षेत्र/कालीगण्डकी आसपास | | हल्का घट्ने | हल्का घट्ने | साताभरी नै मौसम समान्यतया सफा रहने। | हुस्सु/कुहिरो | साताभरी नै बिहानको समयमा हुस्सु/कुहिरोको संभावना रहेको। |

# गण्डकी कृषि-मौसम सल्लाह बुलेटिन
# Gandaki Agro-met Advisory Bulletin (GAAB)

**कृषि सारांश:**

- आगामी हप्ता तराईका भू-भागमा हुस्सु/कुहिरो लाग्ने संभावना भएकोले आलुमा पछौटे डढुवा रोग लाग्न सक्ने हुँदा बालीको नियमित निरीक्षण गरी रोगको प्रकोप देखिएमा व्यवस्थापनका विधिहरू अपनाउनुहोस्।
- आगामी हप्ता वर्षाको सम्भावना नभएकोले बालीको अवस्था (आलु- त्यान्द्रा छोड्ने तथा दाना लाग्ने, तोरी- फूल फुल्ने, गहुँ- मुकुट जरा) हेरी उपलब्ध स्रोतबाट सिंचाई गर्नुहोस्।
- सुन्तलाजात फलफूलमा फल कुहाउने औँसाको प्रकोप देखा परेमा बगैंचामा झरेका फलहरू तुरुन्तै संकलन गरी नष्ट गर्नुहोस्।
- सुन्तलाजात फलफूल बगैंचामा पात खन्ने खपटेको समस्या देखिएमा कृषि सल्लाहमा उल्लेख भए अनुसारको व्यवस्थापनका विधिहरु अपनाउनुहोस्।
- जाडो महिनामा कुखुरामा बर्ड फ्लू रोगको प्रकोप बढ्न सक्ने भएकाले एकैपटक धेरै कुखुरा बिरामी भई उच्च मृत्युदर देखिएमा तुरुन्तै नजिकैको भेटेरिनरी प्रयोगशालामा गई नमूना परीक्षण गराउनुहोस्।
- जाडो शुरु भएसँगै बाहिरी तापक्रम घट्दै गइरहेको हुँदा पशुवस्तुको खोर/गोठ न्यानो राखी शक्तिबर्धक आहारको व्यवस्था मिलाउनुहोस्। भर्खर जन्मेका र साना बाच्छाबाच्छी/पाडापाडी/पाठापाठीहरुलाई विशेष ध्यान दिनुहोस्।
- कास्की र स्याङ्जा जिल्लामा बंगुरको संक्रामक रोग अफ्रिकन स्वाईन फिभर देखापरेकोले उक्त रोगको रोकथामको लागि बंगुरपालक कृषकले आफ्नो फार्ममा जैविक सुरक्षाका उपायहरु प्रभावकारी रुपमा अवलम्वन गर्नुहोस्।
- पोखरीका सबै माछा बिक्री वितरण गरी पोखरीको पानी सुकाई प्रति रोपनी ८-१० केजीका दरले चुन प्रयोग गर्नुहोस्।

**कृषि सल्लाह:**

- गहुँ छरेको ३५ दिन कटेपछि भारपातको व्यवस्थापन गर्नुहोस्। झारपातको प्रकोप हेरी हातले उखेलेर वा झारनाशक विषादीको प्रयोग गरेर झारपात व्यवस्थापन गर्न सकिन्छ। झारनाशक विषादी प्रयोग गर्नु परेमा सम्बन्धित प्राविधिकसँग परामर्श गरी मेट्रिब्युजिन ०.५ केजी खास बिष प्रति हेक्टरका दरले ५००-७५० लिटर पानीमा मिसाई प्रयोग गर्नुहोस्। झारपातको व्यवस्थापन पछि सिँचाईको व्यवस्था मिलाउनुहोस्।
- तोरीमा लाही कीराको प्रकोप देखिएमा नीमजन्य विषादी (०.०३ % एजाडिराक्टिन) ५ एम.एल. प्रति लिटर पानीमा मिसाई एक हप्ताको फरकमा छर्ने वा प्रकोप बढी देखिएमा फ्लोनिकामिड ५०% डब्ल्यु.जी. १ ग्राम प्रति ३ लिटर पानीमा मिसाई १२-१५ दिनको फरकमा २-३ पटक छर्नुहोस्।
- उच्च पहाडी क्षेत्रमा आलु भण्डारमा जोताहा पुतलीको नोक्सानी नियन्त्रण गर्नको लागि बोझोको गानोको धुलो २ ग्राम प्रति केजी का दरले मिसाउनुहोस् वा तितेपातीका टुक्रा आलुको तहमाथि राख्नुहोस्। बीउ आलुको हकमा २ मिलि मालाथियन (५०% ई.सी.) प्रति लिटर पानीमा मिसाई छर्कनुहोस्।
- २०-२५ सेमी उचाइका आलुका बोटलाई उकेरा दिनुहोस्। उकेरा दिँदा वा माटो चढाँउदा त्यान्द्रामा चोट नलाग्ने गरी गर्नुहोस्।
- आलु बालीमा देहायको अवस्थामा पछौटे डढुवा लाग्ने सम्भावना रहन्छ।

  (क) तापक्रम: अधिकतम (२० डिग्री सेल्सियस)

  (ख) वातावरणमा पानीको मात्रा (सापेक्षिक आर्द्रता) (८० देखि ९५ प्रतिशत)

(ग) दिउँसो बादल वा कुहिरो लाग्नु

(घ) छिनछिनमा पानी पर्नु

(ङ) रातमा अत्याधिक मात्रामा शीत पर्नु

(च) हल्का हावा चल्नु आदि।





चित्र १ आलुको पछौटे डढुवा लागेको लक्षण

आलुबालीमा पछौटे डढुवा रोग व्यवस्थापनका लागि देहायका विधि अपनाउनुहोस्।

(क) आलुमा उकेरा लगाउँदा ड्याङमा प्रशस्त मात्रामा माटो चढाउने।

(ख) आगामी साताको मध्यमा आंशिक बदली हुने सम्भावना भएकोले आलुको पछौटे डढुवाको रोकथामका लागि मेन्कोजेवयुक्त विषादी ३ ग्राम प्रतिलिटर पानीमा मिसाई सम्पूर्ण बोट भिज्ने गरी ७/८ दिनको फरकमा २/३ पटक छर्कने।

(ग) रोग देखा पर्नासाथ डाइमेथोमर्फयुक्त विषादी १.५ ग्राम प्रतिलिटर पानीमा मिसाई सम्पूर्ण बोट भिज्नेगरी छर्कने।

- गोलभेंडामा डढुवा रोग देखिएमा रोगी पात र हाँगा हटाई हावा खेल्ने वातावरण बनाउने, उचित सापेक्षिक आर्द्रता कायम गर्नको लागि थोपा सिँचाईको प्रयोग गर्ने र डाइमेथोमर्फ विषादी १.५ देखि २ ग्राम प्रतिलिटर पानीमा मिसाई बोट भिज्ने गरी छर्ने व्यवस्था मिलाउनुहोस्।

- गोलभेंडामा टुटा कीराको समस्या देखिएमा पहेंलो चिप्कने पासो र ओटा-टी ट्र्यापको प्रयोग गरी अनुगमन गर्नुहोस्। प्रकोप बढी देखिएमा क्लोरान्ट्रानिलिप्रोल १८.५% एस.सी. १ एम.एल. प्रति ३ लिटर पानीमा मिसाई वा स्पिनोस्याड ४५% एस.सी. १ एम.एल. प्रति ३ लिटर पानीमा मिसाई बोट भिज्ने गरी १२-१५ दिनको फरकमा २-३ पटकसम्म छर्नुहोस्।

- बन्द प्लाष्टिक घरभित्र सिमीका त्रिशुली, चौमासे तथा सूचीकृत जातहरु, काँक्रोको ड्याडी २२३१, बेली, बृष्मा जातहरु लगाउनुहोस्।

- हिउँदे तरकारी बालीहरुमा लाही कीराको प्रकोप देखिएमा अवस्था हेरी प्रभावित भाग हटाउने र नीमजन्य विषादी (०.०३ % एजाडिराक्टिन) ५ एम.एल. प्रति लिटर पानीमा मिसाई एक हप्ताको फरकमा छर्ने गर्नुहोस्।

- यो समयमा काउली समूहका बालीमा गाँठे रोग (Club root) को प्रकोप देखिने भएकोले देहाय बमोजिमका विधिहरु

अपनाउनुहोस्।

(क) रोगका शुक्ष्म जिवाणु औजारबाट पनि सर्ने भएकोले रोगग्रस्त जग्गामा प्रयोग भएको औजारलाई सफा गरेर राख्नुहोस्।

(ख) प्रशस्त प्राङ्गारिक मल प्रयोग गरी बेर्ना रोप्नुहोस्।

(ग) घुम्ती बाली प्रणाली अपनाउनुहोस्।

(घ) रोगमुक्त बेर्ना लगाउनुहोस्।

(ङ) माटो निर्मलीकरण गरेपछि मात्र बीउ लगाउनुहोस्।


(च) कृषि चुनको प्रयोग गर्नुहोस्।

(छ) खेतबारीमा पानीको निकासको राम्रो व्यवस्था गर्नुहोस्।

(ज) रोगी बोट तथा अवशेष संकलन लगेर नष्ट गर्नुहोस्।

(झ) नेबिजिन नामको विषादी ३ ग्राम प्रति बोट वा ३ ग्राम प्रति लिटर पानीमा मिसाई नर्सरीको ड्रेन्चिङ वा १० केजी प्रति रोपनीको दरले जग्गा तयार गर्ने बेलामा प्रयोग गर्नुहोस्।

- मध्यपहाड र तराईमा प्याजको तयारी बेर्ना लाइनदेखि लाइनको दुरी १५ सेमी र बेर्नदेखि बेर्नासम्मको दुरी १० सेमी हुने गरी रोप्नुहोस्।
- अलैंचीको गानो कुहिने रोगको प्रकोप व्यवस्थापनको लागि कार्बेन्डाजिम ५० डब्लु.पी. २ ग्राम प्रतिलिटर पानीमा मिसाई बोटको फेद भिज्ने गरी ड्रेन्चिङ गर्नुहोस्।
- हिउँदे फलफूल (स्याउ, नासपाती, ओखर, खुर्पानी, आरु, आरुबखडा, किवी, हलुवाबेद आदि) रोपणको लागि खाडल तयारी गर्ने बेला भएकोले नयाँ बगैंचा स्थापनाको लागि रेखाङ्कन गरी १ घनमिटर (१ मिटर लम्बाई, १ मिटर चौडाई, १ मिटर गहिराई) को खाडल खन्नुहोस्।
- स्याउको दादे रोग (Apple Scab) रोकथामको लागि प्राकृतिक रुपमा पात झर्न थालेपछि ५% को युरियाको घोल (५० ग्राम युरिया प्रति लिटर पानीका दरले मिसाई बनाईएको घोल) पात भिज्ने गरी छर्नुहोस् र यसरी झरेका पात संकलन गरी नष्ट गर्नुहोस्।
- सुन्तलाजात फलफूलमा फल कुहाउने औंसाको प्रकोप देखा परेमा बगैंचामा झरेका फलहरू तुरुन्तै संकलन गरी प्लाष्टिकको झोलामा हावा नछिर्ने गरेर बन्द गरी नष्ट गर्नुहोस् वा गहिरो खाल्डो खनेर गाड्नुहोस्।
- कास्की र तनहुँ जिल्लाका सुन्तलाजात फलफूल बगैंचामा पात खन्ने खपटेको समस्या देखिएकोले कीरा रहेको पात टिपेर नष्ट गर्नुहोस् र प्रकोप बढी भएमा क्लोरोपाइरिफस २०% ई.सी. १.५ एम.एल. प्रति लिटर पानीमा मिसाई छर्कनुहोस्।




चित्र नं.२ सुन्तलाजात फलफूलमा लाग्ने पात खन्ने खपटे र त्यसको लार्भाले पुऱ्याएको क्षति

- जाडो शुरु भए सँगै बाहिरी तापक्रम घट्दै गइरहेको हुँदा पशुवस्तुहरुमा रुघाखोकी लाग्ने, ज्वरो आउने, श्वास प्रश्वास सम्बन्धी रोग लाग्ने सम्भावना भएकोले पशुवस्तुको खोर/गोठ न्यानो राख्नुहोस्। भर्खर जन्मेका र साना बाच्छाबाच्छी/पाडापाडी/पाठापाठीमा निमोनिया र छेर्ने समस्याका साथै कक्सिडियोसिस्को समस्या देखिने हुँदा विशेष ध्यान दिनुहोस्। खोर-गोठका खुला भागमा हावाको आवत जावत हुने गरी जुटका बोरा वा त्रिपाल टाँगेर न्यानो बनाउनुको साथै पशुहरुलाई शक्तिबर्धक आहारको व्यवस्था गर्नुहोस्।

- जाडोयाम शुरु भएको हुनाले बाख्रामा निमोनिया रोग लाग्ने संभावना बढी हुन्छ र यो रोगले श्वास प्रश्वासमा असर गर्दछ। निमोनिया लागेमा बाख्राहरुमा अरुची हुने, झोक्राउने, छिटोछिटो श्वास फेर्ने, सिंगान बग्ने, खोक्ने, श्वास फेर्न कठिन हुने, ज्वरो आउने र आँखा रसाउने जस्ता लक्षणहरु देखिन्छ। तसर्थ, बाख्रालाई चिसोबाट जोगाउने उपायहरु अवलम्बन गर्नुहोस् र खोरमा भेन्टिलेसनको व्यवस्था मिलाउनुहोस्।

- जाडो महिनामा कुखुरामा बर्ड फ्लू रोगको प्रकोप बढ्न सक्ने भएकाले जैविक सुरक्षामा विशेष ध्यान दिनुहोस्। एकैपटक धेरै कुखुरा बिरामी भई उच्च मृत्युदर देखिएमा तुरुन्तै नजिकैको भेटेरिनरी प्रयोगशालामा गई नमूना परीक्षण गराउनुहोस्।

- कुखुरामा कक्सिडियोसिस्, सि.आर.डि., एसाइटिस जस्ता रोगहरु देखिन सक्ने भएकोले खोरमा आवश्यक तापक्रमका साथै भेन्टिलेसनको व्यवस्था मिलाउनुहोस्।

- कास्की, तनहुँ र स्याङ्जा जिल्लामा बंगुरको संक्रामक रोग अफ्रिकन स्वाईन फिभर देखा परेकोले उच्च सतर्कता अपनाउनुहोस्। उक्त रोगको संक्रमण दर तथा मृत्युदर उच्च रहेको, रोग नियन्त्रणका लागि खोप नभएको र रोग लागेपछि प्रभावकारी उपचार समेत नहुने हुँदा रोग लाग्नबाट जोगाउन जैविक सुरक्षाका उपायहरु अपनाउनुहोस्। फार्ममा प्रवेश गर्नु पूर्व १० ग्राम भिरकोन प्रति लिटर पानीमा मिसाई तयार गरिएको झोलले राम्रोसँग स्प्रे गरेर प्रवेश गर्नुहोस्।

- जाडो महिनामा चिसोका कारण माछाको वृद्धि विकासमा कमी हुने भएकाले पोखरीका सबै माछा बिक्री वितरण गर्ने र माछा पोखरीको पानी सुकाई प्रति रोपनी ८-१० केजीका दरले चुन प्रयोग गर्नुहोस्।

- मध्य पहाड र तराईमा हिउँदे घाँसहरु जस्तै जै, बर्सिम, भेच, केराउ, टियोसेन्टि (मकै चरी), बाज्रा आदि लगाउनुहोस्। उच्च पहाडी र हिमाली भेगमा क्लोभर, राईघाँस, कोते आदि लगाउनुहोस्।

- हिउँदे घाँस छरेको ३०-३५ दिनमा सिँचाई गरी प्रति रोपनी ३ के.जी. युरियाको दरले टपड्रेस गर्नुहोस्। साथै प्रत्येक कटाई पश्चात युरिया टपड्रेस गर्नुहोस्।

**विशेषज्ञ समूहः**

| क्र.सं. | नाम थर | पद/कार्यक्षेत्र | कार्यालय |
|---|---|---|---|
| १ | डा. गृष्म नेउपाने | वरिष्ठ पशु विकास अधिकृत | भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गण्डकी प्रदेश |
| २ | मिन कुमार अर्याल | सि.डि.मे. | जल तथा मौसम विज्ञान कार्यालय, पोखरा |
| ३ | डा. प्रेरणा सेढाई भट्टराई | वरिष्ठ पशु चिकित्सक | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, गण्डकी प्रदेश |
| ४ | शालिकराम अधिकारी | बाली रोग विज्ञ | कृषि ज्ञान केन्द्र, कास्की |
| ५ | रमेश आचार्य | बाली विज्ञ | कृषि अनुसन्धान निर्देशनालय, गण्डकी प्रदेश |
| ६ | सरोज अधिकारी | बागवानी विज्ञ | बागवानी अनुसन्धान केन्द्र, मालेपाटन, पोखरा |
| ७ | लोकनाथ अर्याल | कीट विज्ञ | बागवानी अनुसन्धान केन्द्र, मालेपाटन, पोखरा |
| ८ | डा. राजेश चौधरी | पशु चिकित्सक | पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, गण्डकी प्रदेश |
| ९ | सागर घिमिरे | कृषि प्रसार अधिकृत | भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गण्डकी प्रदेश |
| १० | सिर्जना थापा | बागवानी विकास अधिकृत | भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गण्डकी प्रदेश |
| ११ | मिलन आचार्य | बाली विकास अधिकृत | कृषि विकास निर्देशनालय, गण्डकी प्रदेश |